# कृषि तथा वन विज्ञान विश्वविद्यालय

रामपुर, चितवन ।

## तेस्रो दीक्षान्त समारोह

चैत्र १६ गते २०७९

## प्रेस विज्ञप्ती ।

देशको मेरुदण्डको रुपमा रहेको कृषि क्षेत्रको सर्वाङ्गीण विकास गर्न र कृषिको आधुनिकिकरण गर्दै ग्रामीण जनसमुदायको सामाजिक तथा आर्थिक स्तर उठाउन कृषि, वन, पशु विज्ञान जस्ता क्षेत्रसँग सम्बन्धित विषयको एकीकृत रुपले अध्ययन, अध्यापन र अनुसन्धान गराई मुलुकभित्रै उच्चस्तरको प्राज्ञिक तथा सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नेपालकै पहिलो प्राविधिक विश्वविद्यालयको रुपमा चितवनको रामपुरमा २०६७ साल असार ३ गते स्थापना भएको कृषि तथा वन विज्ञान विश्वविद्यालयले तेस्रो पटक दीक्षान्त समारोह यही मिति २०७९ चैत्र १६ गते आयोजना गर्न गइरहेको व्यहोरा यहाँहरु माझ सहर्ष जानकारी गराउन चाहन्छौं ।

स्थापनाको छोटो अवधिमा नै अध्ययन, अनुसन्धान र प्रसारलाई तिव्रता दिदैं आएको विश्वविद्यालयलाई स्नातक तहको शैक्षिक वर्ष २०७२।०७३ देखि हालसम्म र स्नातकोत्तर तहको शैक्षिक वर्ष २०७५।०७६ देखि हालसम्म उत्तीर्ण भएका विद्यार्थीहरुलाई दीक्षित गर्ने सु-अवसर प्राप्त भएको छ । २०६९ सालमा स्नातक तहबाट सुरु भएको भर्ना एवं पठन पाठन कार्यक्रम हाल एक शैक्षिक बर्षमा कृषि संकाय अन्तर्गत आंगिक कलेज एवं सम्बन्धन प्राप्त कलेजहरुमा स्नातक तहमामात्र जम्मा ९३४ जना, पशु विज्ञान, पशु चिकित्सा र मत्स्य विज्ञान संकायमा ७० (B.V.Sc. & A.H. मा ५० र मत्स्य विज्ञान मा २०) जना र वन विज्ञान संकायमा १८९ जना विद्यार्थी पुगेका छन् ।

विश्वविद्यालय अन्तर्गत विभिन्न संकाय र कलेजमा यस वर्ष स्नातक कार्यक्रममा जम्मा ७२८, स्नातकोत्तरमा २३० र विद्यावारिधी कार्यक्रममा १४ जना विद्यार्थी भर्ना भएका छन । यसरी हाल सम्म विश्वविद्यालयमा अध्ययनरत कुल विद्यार्थी संख्या ४९४५ जना रहेका छन ।

यस तेस्रो दीक्षान्त समारोहमा स्नातक, स्नातकोत्तर र विद्यावारिधि तहका गरी जम्मा **१०८५** जना विद्यार्थीहरु दीक्षित हुनेछन् । स्नातक तहमा कृषि स्नातक (B.Sc.Ag.) बाट ४६८ जना, वन विज्ञान स्नातक (B.Sc. Forestry) बाट १३६ जना, पशु चिकित्सा स्नातक (B.V.Sc. & A.H.) बाट १०५ जना, मत्स्य विज्ञान स्नातक (B.Sc. Fisheries) बाट २३ जना गरी स्नातक तहबाट जम्मा **७३२** एवं स्नातकोत्तर तहमा कृषि स्नातकोत्तर (M.Sc.Ag) बाट १८९ जना, वन विज्ञान स्नातकोत्तर (M.Sc. Forestry) बाट ६१ जना, पशुविज्ञान स्नातकोत्तर (M.Sc.An.Sc.) बाट २७ जना, पशु चिकित्सा स्नातकोत्तर (M.V.Sc.) बाट ४९ जना, र मत्स्य विज्ञान स्नातकोत्तर (M.Sc. Fisheries) बाट १० जना गरी स्नातकोत्तर तहबाट जम्मा **३३६** जना एवं विद्यावारिधि (PhD) अर्न्तगत कृषि संकाय तर्फको विभिन्न विधामा गरि १५ जना र पशु विज्ञान पशु चिकित्सा तथा मत्स्य विज्ञान संकायमा २ जना गरी जम्मा **१७** जना विद्यार्थीहरु दीक्षित हुनेछन् ।

यस तेस्रो दीक्षान्त समारोहको अध्यक्षता विश्वविद्यालयका कुलपति एवं सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल (प्रचण्ड) ज्यूले गर्नुहुनेछ । प्रमुख अतिथिको रुपमा Prof. Dr. Rajeshwar Singh Chandel, Vice Chancellor, Dr YS Parmar University of Horticulture and Forestry, Nauni, Solan (HP), India, ज्यूको उपस्थिति रहने छ ।

सो अवसरमा विश्वविद्यालयका तीन वटै संकायको स्नातक तह र स्नातकोत्तर तहमा सर्वाधिक अंक प्राप्त गरि संकाय प्रथम हुने एक/एक जना विद्यार्थीलाई उपकुलपति पदक र उपर्युक्त सर्वाधिक अंक ल्याउनेहरु मध्ये सर्वोत्कृष्ठ अंक ल्याई विश्वविद्यालय सर्वप्रथम हुने स्नातकबाट एक जनालाई र स्नातकोत्तरतहबाट एक जनालाई कुलपति पदक प्रदान गरिनेछ । दुई शैक्षिक वर्षमा स्नातक तहको नियमित परीक्षाहरुमा संकाय प्रथम हुने ६ जना विद्यार्थीहरुलाई र स्नातकोत्तर तहको नियमित परीक्षाहरुमा संकाय प्रथम हुने ७ जना विद्यार्थीहरुलाई उपकुलपति पदकद्धारा विभूषित गरिने छ भने दुई शैक्षिक वर्षमा सर्वोत्कृष्ठ हुने ४ जनालाई कुलपति पदकद्वारा विभूषित गरिनेछ ।

देशको सबै प्रदेशमा आंगिक कलेज खोल्ने लक्ष्य अनुरुप विश्वविद्यालयले देशको विभिन्न प्रदेशहरुमा कृषि संकाय र वन विज्ञान संकाय अन्तर्गत प्राकृतिक स्रोत व्यवस्थापन कलेजको नाममा क्रमशः ८ वटा र १ वटा कलेजहरु स्थापना गरी संचालनमा आईसकेको छ । ज्ञान, सिप र प्रविधिको अनुसन्धान एवं प्रचार प्रसारलाई कृषकस्तरमा पुर्‍याउनको लागि मकवानपुरको पालुङ्गमा र गोर्खाको घ्याल्चोकमा कृषि विज्ञान केन्द्रहरु स्थापना गरी संचालनमा आइसकेको छ । यसै गरी देशको विभिन्न स्थानमा कृषि संकाय अर्न्तगत ७ वटा र वन विज्ञान संकाय अर्न्तगत १ वटा गरी जम्मा ८ वटा सम्बन्धन प्राप्त कलेजहरु समेत संचालित छन् ।

अन्त्यमा चितवन र देशकै गौरवको रुपमा रहेको यस कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुरले आगामि चैत्र १६ गते गर्न लागेको तेस्रो दीक्षान्त समारोहमा यहाँहरुको शुभेच्छा, सदासयता एवं सहयोगको लागि हार्दिक अनुरोध गर्दछु ।

..........................
प्रा.डा. पुण्यप्रसाद रेग्मी उपकुलपति
उपकुलपति
कृषि तथा वन विज्ञान विश्वविद्यालय रामपुर, चितवन ।

२०७९ चैत्र १५ गते